प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सेवा सुविधा तथा सम्पत्ती व्यवस्थापन ईकाई

कोशी प्रदेश, विराटनगर

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- ५८

मिति :- वि.सं. २०८२/०४/०८

विषयः सम्पत्ति विवरण पठाउने सम्बन्धमा ।

स्थानीय तह (सबै) , कोशी प्रदेश

प्रस्तुत विषयमा सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना (निजामती ) को प. सं. २०८२ /८३ च. नं. १६ मिति २०८२।४।५ को प्राप्त पत्रानुसार सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना यसैसाथ संलग्न गरिएको छ।तहाँ स्थानीय तह र अन्तर्गतका कार्यालयहरुमा बहाल रहेका कर्मचारीहरुले सोही सूचनामा उल्लेखित बुँदाहरूलाई पालना गरि आफ्नो सम्पत्ति विवरण पेश गर्नु हुन अनुरोध छ ।

नोट : कोशी प्रदेश निजामती सेवा नियमावली , २०८१ को नियम १०९(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत प्रदेश किताबखाना (कोशी प्रदेश) मा पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोले PIS मा दर्ता भइ प्रदेश किताबखाना (कोशी प्रदेश) मा सम्पत्ति विवरण बुझाउने दायित्व भएका कर्मचारीहरुले आ. व. सुरु भएको ६० दिन (भदौ २९ गते) भित्रै दर्ता हुने गरि समयमा नै सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वय् (व्यत्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन प्रदेश किताबखाना जानु नपर्ने गरि आफु कार्यरत कार्यालयमा बुझ्ने बुझाउने व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०८२ साल श्रावण १ गते देखि ऐ. साल भाद्र २९ गते भित्र नै प्रदेश किताबखानामा दर्ता हुने गरि पठाउनु पर्नेछ ।

हुलाक वा अन्य माध्यम मार्फत तोकिएको अवधिभित्र प्रदेश किताबखानामा प्राप्त भएको सम्पत्ति विवरणहरु प्रविष्टि गरी अभिलेख राखिने छ ।तर तोकिएको ६० दिनपछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्याद भित्र सम्पत्ति विवरण पेश नगर्ने राष्ट्रसेवकलाई दश हजार जरिवाना हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०८२/०४/०८

(निर्मल मानन्धर)

उपसचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (निजामती)

## (प्रशासन तथा योजना शाखा)

पत्र संख्या:-२०८२/८३ (प्र./यो.)
चलानी नं.:- १६

मितिः २०८२।०४।०५
नेपाल सम्वत: ११४५ दिल्लागा ११ सोमबार

विषयः सम्पत्ति विवरण सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
श्री प्रदेश किताबखाना
सात वटै प्रदेश।

प्रस्तुत विषयमा सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना यसैसाथ संलग्न छ। सो अनुसार सम्पत्ति विवरण बुझ्ने तथा अभिलेख राख्ने व्यवस्था हुनका साथै तहाँ प्रदेश अन्तर्गतका प्रादेशिक कार्यालय तथा स्थानीय निकायहरूमा समेत जानकारी गराइदिनु हुन आदेशानुसार अनुरोध छ ।

..............................
(गणेश राम पोखरेल)
शाखा अधिकृत

श्री प्रशासन शाखा
४।६.

श्री आन्तरिक प्रशासन / किताबखाना
परिपत्र गर्नु
२०८२।०४।०६.

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश, विराटनगर
दर्ता नं.: ९६३
मिति: २०८२।०४।०६

# राष्ट्रिय किताबखाना (निजामती) को
# सम्पत्ति विवरण बुझाउने सम्बन्धी
# सूचना

सरकारी सेवामा कार्यरत कर्मचारीहरूले राष्ट्रिय किताबखाना र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश किताबखाना (सात वटै प्रदेश) मा तोकिएको म्यादभित्र सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको देखिन्छ । कर्मचारीहरूले सम्पत्ति विवरण कुन-कुन निकायमा बुझाउने भन्ने द्विविधा देखिएको हुँदा देहायमा उल्लेख भएका कर्मचारीहरूले तपसिलमै उल्लेख भएको निकायमा सम्पत्ति विवरण बुझाउनु पर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| राष्ट्रिय किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ प्रदेश किताबखानामा सम्पत्ति विवरण बुझाउनुपर्ने दायित्व भएका कर्मचारीहरू |
|---|---|
| १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यलायहरूबाट विभिन्न समयमा खुल्ला तथा बढुवा सिफारिस भएका संघीय कर्मचारीहरू | १. लोक सेवा आयोग वा अन्तर्गतका कार्यालयहरूबाट वि.सं. २०७६ मा **स्थानीय तहको** पदका लागि भनी विज्ञापन भई सिफारिस भएका स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरू |
| २. समायोजन ऐन, २०७५ अनुसार संघमा समायोजन भएका सम्पूर्ण कर्मचारीहरू | २. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भई तत् पश्चात **प्रदेश तथा स्थानीय कानून बमोजिम** स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू |
| ३. समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका तर प्रदेश वा स्थानीय तहको कानून बमोजिम स्तरवृद्धि/ तह वृद्धि / बढुवा नभएका कर्मचारीहरू | ३. प्रदेश तथा स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरूका हकमा स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धि/ तह वृद्धि / बढुवा भएका कर्मचारीहरू समेत |
| ४. प्रदेश तथा स्थानीय तहमा संघबाट कामकाज तथा काजमा खटिएका कर्मचारीहरू | ४. प्रदेश लोक सेवा आयोगबाट प्रदेश तथा स्थानीय तहका लागि सिफारिस भई नियुक्त भएका सम्पूर्ण कर्मचारीहरू |

*नोट:*

- *असाधारण वा अध्ययन बिदामा रहेको वा अस्पतालमा भर्ना भई वा अशक्त भई बिदामा रहेको वा नेपाल सरकारको निर्णयबाट कुनै तालिम, अध्ययन, सम्मेलन वा वार्ताको लागि बिदामा रहेको वा काज खटिएकोमा त्यस्तो बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिरी हुनुपर्ने मितिले ३० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्नेछ।*
- *प्रत्येक प्रदेश किताबखानाले सम्पत्ति विवरण बुझाएका कर्मचारीहरूको विवरण Excel Sheet मा तयारी पारी सम्पत्ति विवरण बुझाउने म्याद समाप्त भएपछि राष्ट्रिय किताबखाना (निजामती) मा उपलब्ध गराउनुपर्नेछ।*